# तपाईं UNM हेरचाह वा काउन्टी बाहिरको हेरचाहका लागि योग्य हुनुहुन्छ भनी कसरी पत्ता लगाउने

## UNM हेरचाह वा काउन्टी बाहिरको हेरचाह के हो?

**UNM हेरचाह वा काउन्टी बाहिरको हेरचाह** भनेको मानिसहरूलाई उनीहरूको UNM अस्पतालको चिकित्सकिय बिलहरू तिर्न मद्दत गर्ने कार्यक्रमहरू हुन्। तपाईं यी कार्यक्रमहरूका लागि योग्य हुन सक्नुहुन्छ। UNM हेरचाह स्यान्डोभल वा बर्नालिलो काउन्टीमा बस्ने मानिसहरूका लागि हो। काउन्टी बाहिरको हेरचाह अन्य एनएम काउन्टीहरूमा बस्ने व्यक्तिहरूका लागि हो। तपाईं योग्य हुनुहुन्छ भने, तपाईं UNM अस्पताल र क्लिनिकहरूमा तपाईंको चिकित्सा र स्वास्थ्य सेवा खर्चका लागि भुक्तानी गर्न मद्दत प्राप्त गर्न सक्नुहुनेछ।

## के तपाईं UNM हेरचाह वा काउन्टी बाहिरको हेरचाहका लागि योग्य हुनुहुन्छ?

पहिलो, तपाईंले आफ्नो घरपरिवारको आकार र तपाईंको **सकल** घरपरिवारको मासिक आय जान्न आवश्यक छ। त्यसपछि तपाईं योग्य हुनुहुन्छ भने पत्ता लगाउन तलको तालिका प्रयोग गर्न सक्नुहुन्छ।

| **घरपरिवारको आकार** (एउटै घर वा अपार्टमेन्टमा तपाईंसँग कति जना मानिस बस्छन्) | **सकल घरपरिवारको मासिक आय** (कर वा कटौतीहरू निकाल्नु अघि, तपाईंको घरपरिवारका सबैले **प्रत्येक महिना** कमाएको कुल रकम) |
|---|---|
| 1 | $0 देखि $3765 |
| 2 | $0 देखि $5110 |
| 3 | $0 देखि $6455 |
| 4 | $0 देखि $7800 |
| 5 | $0 देखि $9145 |
| 6 | $0 देखि $10,490 |
| 7 | $0 देखि $11,835 |
| 8 | $0 देखि $13,180 |

तालिका 8 व्यक्तिको घरपरिवारको आकारमा मात्र जान्छ। त्यसोभए, तपाईंको घरपरिवार त्यो भन्दा ठूलो छ भने, तपाईंले **प्रत्येक अतिरिक्त व्यक्तिका लागि $1345 थप्न** आवश्यक छ।

**सकल आय** भनेको तपाईंले कर र अन्य कटौतीहरू लिनु **अघि** कमाउनु भएको रकम हो। अन्य कटौतीहरू पैसा हुन सक्छ जुन सेवानिवृत्ति योजना वा स्वास्थ्य बीमा जस्ता चीजहरूका लागि निकालिएको छ।

तपाईंले आफ्नो घरपरिवारको प्रत्येक सदस्यको **सकल मासिक आम्दानी** जान्न आवश्यक छ। त्यसपछि तपाईंले आफ्नो घरपरिवारको कुल मासिक आम्दानी पत्ता लगाउन तिनीहरूलाई सँगै थप्न सक्नुहुन्छ।

तपाईंको घरपरिवारको आकार 9 छ भने, उदाहरणका लागि, तपाईंले **$1345** मा $13,180 थप्नुहुन्छ (8 जनाको घरपरिवारका लागि अधिकतम)। तपाईंको घरपरिवारको आकार 10 छ भने, तपाईं $0 देखि $15,870 को दायरा प्राप्त गर्नका लागी अर्को **$1345** थप्नुहुन्छ। र यस्तै।

## तपाईं योग्य हुनुहुन्छ भने पत्ता लगाउन मद्दत चाहिन्छ?

कुनै समस्या छैन — हामी मद्दत गर्न सक्छौँ! तलका चरणहरू पछ्याउनुहोस्।

### चरण 1



पहिलो चरण भनेको तपाईंको घरपरिवारको आकार के हो भनेर थाह पाउनु हो। **घरपरिवारको आकार** भनेको  तपाईंसँग कति जना मानिस बस्छन् भन्ने हो।

परिदृश्य 1

तपाईं 18 **वर्ष वा त्योभन्दा बढी उमेर**का हुनुहुन्छ भने, तपाईंको घरपरिवारमा यी व्यक्तिहरू समावेश हुन सक्छन् —

- तपाईं
- तपाईंको पति वा पत्नी
- तपाईंका आश्रितहरू। यो बच्चा वा आफन्त हुन सक्छ जुन तपाईंले आफ्नो कर फारमहरूमा आश्रितको रूपमा दाबी गर्नुहुन्छ। यी दुई कार्यक्रमहरूका लागि, एक जना आश्रित तपाईंको परिवारको भागको रूपमा गणना गर्न तपाईंसँग बसिरहेको हुनुपर्छ। आश्रित भनेको त्यस्तो व्यक्ति हो जसलाई तपाईंले हेरचाह गर्नुहुन्छ र आर्थिक सहयोग गर्नुहुन्छ — उदाहरणका लागि, तपाईं तिनीहरूको खाना, आवास, लुगाफाटा र स्कूलका लागि खर्च गर्नुहुन्छ।

  त्यहाँ विशिष्ट आवश्यकताहरू छन् जसले तपाईंलाई कसैलाई आश्रितको रूपमा दावी गर्न अनुमति दिन्छ। तपाईंको घरपरिवारमा कोही आश्रित छ कि छैन भन्ने प्रश्न छ भने कृपया हामीलाई बताउनुहोस्।

उदाहरणका लागि, मानौँ तपाईं आफ्नो पति वा पत्नी र 2 बच्चाहरूसँग बस्नुहुन्छ। यसको मतलब  तपाईंको घरपरिवारमा 4 जना छन्। तपाईंको घरपरिवारको आकार 4 छ।

परिदृश्य 2

**तपाईं 18 वर्षभन्दा कम उमेरको** हुनुहुन्छ भने, तपाईंको घरपरिवारमा यी व्यक्तिहरू समावेश हुन सक्छन् —

- तपाईं
- तपाईंको आमाबाबु वा अभिभावक
- तपाईंको आमाबाबु वा अभिभावकका **आश्रितहरू** छन् भने, तपाईंले तिनीहरूलाई पनि गणना गर्नुपर्छ। यो भाइबहिनी (भाइ वा बहिनी) वा तपाईंसँगै बस्ने अर्को नातेदार पनि हुन सक्छ।

उदाहरणका लागि, मानौँ कि तपाईं आफ्नो आमा र बुबा र तपाईंको कान्छो भाइसँग



This translation was completed by LanguageLine Solutions.

Nepali

**तपाईं योग्य हुनुहुन्छ भने पत्ता लगाउँदै, चरण 2 — जारी राखियो**

बस्नुहुन्छ, तपाईंको भाइ तपाईंको आमाबाबुको आश्रित छ। त्यसोभए, तपाईंले आफ्नो भाइ प्लस तपाईं र तपाईंको आमा र बुबालाई गणना गर्न आवश्यक छ। तपाईंको घरपरिवारको आकार 4 छ।

## चरण 2

अर्को चरण तपाईंको सकल घरपरिवारको आय थाहा पाउनु हो। **घरपरिवारको आय** भनेको तपाईंको घरपरिवारका सबैले कमाएको कुल रकम हो। तर सावधान रहनुहोस् — हामी कुल **सकल** आय खोज्दैछौँ, शुद्ध आय होइन।

**सकल आय** भनेको तपाईंले कर र अन्य कटौतीहरू लिनु **अघि** कमाउनु भएको रकम हो। अन्य कटौतीहरू पैसा हुन सक्छ जुन सेवानिवृत्ति योजना वा स्वास्थ्य बीमा जस्ता चीजहरूका लागि निकालिएको छ। तपाईंले आफ्नो घरपरिवारको प्रत्येक सदस्यको **सकल मासिक आम्दानी** जान्न आवश्यक छ। त्यसपछि तपाईं आफ्नो घरपरिवारको कुल सकल मासिक आय पत्ता लगाउन तिनीहरूलाई एकसाथ थप्न सक्नुहुन्छ।

तपाईं लगायत तपाईंको घरपरिवारका मानिसहरूले यी मध्ये कुनै पनि स्रोतबाट पैसा (आय) प्राप्त गर्न सक्दछन् —

- ✓ जागिर (ज्याला, तलब)
- ✓ बेरोजगारी लाभ
- ✓ सामाजिक सुरक्षा लाभ
- ✓ वयोवृद्ध लाभ
- ✓ भारतीय मामिलाको ब्युरो लाभ

### सकल घरपरिवारको मासिक आय गणना

हाम्रो उदाहरण परिवारलाई फेरि प्रयोग गरौं — मानौँ तपाईं आफ्नो आमा बुवा र कान्छो भाइसँग बस्नुहुन्छ। र मानौँ यो तपाईंको घरमा एक महिनामा सबैले कमाउँछन्। (याद राख्नुहोस्, यी **सकल रकमहरू** हुन्।)

- तपाईंले आफ्नो कामबाट $1100 कमाउनुहुन्छ।
- तपाईंको भाइले $0 कमाउँछ।
- तपाईंको आमाले आफ्नो कामबाट $4000 कमाउनुहुन्छ।
- तपाईंको बुबासँग भेटरन्स लाभमा $2400 छ



ती सँगै थप्नुहोस् र तपाईं **$7500** प्राप्त गर्नुहुन्छ। यो तपाईंको घरपरिवारको सकल मासिक आय हो।

## चरण 3

अन्तिम चरण भनेको तपाईं UNM हेरचाह वा काउन्टी बाहिरको हेरचाहका लागि योग्य हुनुहुन्छ कि भनी हेर्नु हो। तपाईंलाई आफ्नो **घरपरिवारको आकार** र तपाईंको **सकल**

## तपाईं योग्य हुनुहुन्छ भने पत्ता लगाउँदै, चरण 3 — जारी राखियो

**घरपरिवारको मासिक आय** थाहा छ भने, तपाईं योग्य हुनुहुन्छ कि छैन भनेर पत्ता लगाउन सक्नुहुन्छ।यस चरणका लागि, तपाईंले घरपरिवारको आकार तालिकामा फर्किनु पर्छ। तपाईं हाम्रो उदाहरण परिवार सम्झनुहुन्छ भने, तिनीहरूको घरपरिवारको आकार **4** छ र उनीहरूको घरपरिवारको मासिक आय **$7500** हो। तिनीहरू UNM हेरचाहका लागि योग्य छन् कि छैनन् हेरौँ।

तपाईं यसलाई कसरी गर्नुहुन्छ यहाँ छ —

1. फेरि तालिकातिर हेर्नुहोस्।
2. तालिकाको बायाँ कोलममा नम्बर 4 फेला पार्नुहोस् (घरपरिवारको आकार)।
3. दायाँ कोलम (सकल घरपरिवारको मासिक आय) मा पङ्क्ति पत्ता लगाउन आफ्नो औंला प्रयोग गर्नुहोस्।

दायाँ कोलममा बाकस भित्र, तपाईंले **$0 देखि $7800** सम्म हेर्नुपर्छ। यो 4 जना व्यक्तिको घरपरिवारका लागि कुल मासिक आयको दायरा हो। हाम्रो उदाहरण परिवारका लागि सकल घरपरिवारका मासिक आय $ 7500 हो। यो 4 जनाको घरपरिवारका लागि दायरा भित्र पर्छ, त्यसैले तिनीहरू योग्य हुन्छन्!

| **घरपरिवारको आकार**<br>(एउटै घर वा अपार्टमेन्टमा तपाईंसँग कति जना मानिस बस्छन्) | **सकल घरपरिवारको मासिक आय**<br>(कर वा कटौतीहरू निकाल्नु अघि, तपाईंको घरपरिवारका सबैले **प्रत्येक महिना** कमाएको कुल रकम) |
|---|---|
| 1 | $0 देखि $3765 |
| 2 | $0 देखि $5110 |
| 3 | $0 देखि $6455 |
| 4 | $0 देखि $7800 |
| 5 | $0 देखि $9145 |
| 6 | $0 देखि $10,490 |
| 7 | $0 देखि $11,835 |
| 8 | $0 देखि $13,180 |

एकचोटि तपाईंले **आफ्नो** घरपरिवारको आकार र **आफ्नो** सकल घरपरिवारको मासिक आम्दानी थाहा पाउनुभएपछि, तपाईं UNM हेरचाह वा काउन्टी बाहिरको हेरचाहका लागि **योग्य हुनुहुन्छ कि भनी हेर्न**का लागि तपाईंले तालिका प्रयोग गर्न सक्नुहुन्छ। तपाईं योग्य हुनुहुन्छ भने, तपाईंले आफ्नो UNM अस्पतालको स्वास्थ्य र चिकित्सा खर्चहरू UNM हेरचाह वा काउन्टी बाहिरको हेरचाह मार्फत तिर्न मद्दत प्राप्त गर्न सक्नुहुन्छ।

**थप जानकारी चाहनुहुन्छ?**

UNM हेरचाह र काउन्टी बाहिरको हेरचाहको बारेमा थप जानकारीका लागि, कृपया हाम्रो वेबसाइट हेर्नुहोस् —

https://unmhealth.org/patients-visitors/billing-insurance/patient-financial-assistance.html

**अझै पनि प्रश्नहरू छन्?**

तपाईंसँग कुनै प्रश्नहरू छन् भने, कृपया UNM वित्तीय सहायतालाई **505 272-2521** मा फोन गर्नुहोस्।